फोन नं.:- ०५७-५२०४९५
फ्याक्स नं.:- ०५७-५२३८२२
ईमेल:-daomakawanpur@moha.gov.np
फेसबुक पेज:-www.facebook.com/daomakawanpur
वेबसाइट:-http://daomakawanpur.moha.gov.np/

नेपाल सरकार
गृह मन्त्रालय
# जिल्ला प्रशासन कार्यालय
मकवानपुर

पत्र संख्या:- ०८२/८३
चलानी नम्बर:-

मिति:- २०८३-०३-०३
ने.सं.:- ११४६ तछलाथ्व: ३, बुधबार

## नवीकरण म्याद समाप्त भएका औषधि पसलहरू बन्द गर्ने सम्बन्धी सूचना ।

औषधि व्यवस्था विभाग, विजुलीबजार, काठमाडौंले तोकिएको समयसीमाभित्र नवीकरण नगरेका देशभरका हजारौं औषधि पसलहरूको सञ्चालन प्रमाणपत्र रद्द गरेको छ । विभागले मिति २०८३ असार २ गते सार्वजनिक सूचना जारी गर्दै ५ हजार ३०२ वटा औषधि पसलहरूको प्रमाणपत्र स्वत: रद्द भएको स्पष्ट पारेको छ । विभागका अनुसार तोकिएको कानूनी अवधिभित्र नवीकरण प्रक्रिया पूरा नगरेका अनुज्ञापत्र, सिफारिसपत्र तथा अन्य सम्बन्धित प्रमाणपत्रहरू स्वत: रद्द हुने प्रावधानअनुसार उक्त निर्णय कार्यान्वयन गरिएको हो । जसमध्ये मकवानपुर जिल्लाका ४० भन्दा बढी फार्मेसी, भेट फर्मा र आयुर्वेद फर्माको दर्ता खारेज भएको छ । उल्लिखित सूचना अनुसार दर्ता खारेज भएका ति औषधि पसलले आजैबाट आफ्नो कारोबार बन्द गर्नु, गराउनु हुन जानकारी गराइन्छ ।

२०८३।३।०३

गुणराज प्रसाद न्यौपाने
प्रशासकीय अधिकृत